# कक्षा - ४

# एकाइ - १

# भौगोलिक स्थितिको पहिचान

# पाठ - १

## हाम्रो जिल्ला र गाउँपालिका

वैशाख १५,

देवल

पृय साथी निरज,

सुमधुर सम्झना ।

तिमीले अस्ति पाठाएको पत्रमा मेरो जिल्ला र गाउँपालिकाको बारेमा लेखी पठाउनु भनेका थियौ । त्यसैले म आज यो पत्रमा आफूले थाहा पाएको कुरा र सोधपुछबाट जानकारिमा आएका थप कुराहरूका साथै जिल्ला र गाउँपालिकाकोबारेमा उल्लेख गरी पठाएको छु ।

मेरो जिल्ला को नाम डडेल्धुरा हो । यो जिल्ला सुदूरपश्चिम प्रदेशमा पर्ने पहाडी जिल्ला हो । यो जिल्लामा ५ गाउँपालिका र २ नगरपालिका गरी ७ ओटा स्थानीय तहहरु रहेका छन् । यो जिल्लाको जम्मा क्षेत्रफल १५३७ वर्ग कि. मि. रहेको छ । डडेल्धुरा जिल्ला सदरमुकाममा अमर सिंह थापाले तत्कालिन समयमा हातहतियारको भण्डारण गर्ने एउटा प्रमुख ऐतिहासिक किल्ला रहेको छ । उक्त अमरगढी किल्लाकै नामबाट यहाँ रहेको नगरपालिकाको नाम अमरगढी नगरपालिका रहन गएको हो । सुदूरपश्चिम प्रदेशका पहाडी जिल्लालाई तराइका जिल्लासंग जोड्ने



प्रमुख राजमार्ग डडेल्धुरा भएर नै जाने हुँदा यस जिल्लाको व्यापार व्यवसाय राम्ररी फस्टाएको छ ।

डडेल्धुरा जिल्लाअन्तर्गत नै पर्ने मेरो गाउँपालिकाको नाम अजयमेरु गाउँपालिका हो । जिल्ला सदारमुकामसंगै जोडिएको यो गाउँपालिका पूर्वमा समैजी देखि पश्चिममा देवल राजुल (जनचेतना) सम्म फैलिएको छ । यो गाउँपालिकाको जम्मा क्षेत्रफल १४९ वर्ग कि.मि. रहेको छ । भरतको अजमिर भन्ने ठाउँका राजाले अजयमेरुकोटमा राज्य गरेका हुनाले यसको नाम अजयमेरु  रहन गएको हो । यसै अजयमेरु कोटकै नामबाट गाउँपालिकाको नाम अजयमेरु रहन गएको छ । बाँकी कुरा अर्को पत्रमा उल्लेख गरौँला ।

तिम्रो माया गर्ने साथी,

नवीन

शिक्षण निर्देशन

डडेल्धुरा जिल्लाको नाक्सामा अजयमेरु गाउँपालिकाको पहिचान गराई छलफल गराउने ।

क्रियाकलाप :

१. डडेल्धुरा जिल्लाको क्षेत्रफल कति रहेको छ ?

२. डडेल्धुरा जिल्लामा व्यापार व्यवसाय राम्ररी फस्टाउनुको कारण के हो ?

३. अजयमेरु गाउँपालिकाको नामाकरण कसरी रहन गएको हो ?

४. डडेल्धुरा जिल्लामा रहेको ऐतिहासिक किल्लाको विशेषता के हो ?

५. अजयमेरु कोटमा कहाँका राजाले राज्य गरेका थिए ?

६. ठीक भए ☑ र वेठीक भए ☒ चिन्ह लगाउ ।

(क) डडेल्धुरा जिल्ला सुदूरपश्चिम प्रदेशमा पर्छ ।

(ख) अमरगढी किल्लामा अमर सिंह थापा बस्थे ।

(ग) अजयमेरु गाउँपालिका समैजीदेखि भद्रपुरसम्म मात्र फैलिएको छ ।

(घ) डडेल्धुरा जिल्लामा २ ओटा स्थानीय तहहरू रहेका छन् ।

७. आफ्नो गाउँको बारेमा वर्णन गर्दै नवीनले लेखेजस्तै साथीलाई चिठी लेख ।

८. तलको चित्रमा मिल्ने रङ्ग भर ।



# पाठ २

## गाउँपालिकाको नक्सा

डडेल्धुरा जिल्लाअन्तर्गत पर्ने अजयमेरु गाउँपालिका एउटा गाउँपालिका हो । यस




गाउँपालिकाका वडा नं. १ देखि ६ सम्म का विभिन्न ठाउँहरूमा नदी, धार्मिक स्थल र ऐतिहासिक ठाउँहरू रहेका छन् । यस गाउँपालिकाका प्रमुख धार्मिक स्थलहरूमा देवलको डगेश्वरी, गंगेश्वर, हंसराज, चिपुरको जगन्नाथ, अजयमेरु चमडाको बेताल रहेका छन् । यसै गरी ऐतिहासिक ठाउँहरूमा अजयमेरुकोट, देवलका प्राचीन देवल, गाल-मटेला देवलमा रहेको साना देवलहरू, भद्रपुरमा रहेको ढुङ्गा (जसलाई भरानढुङ्गा भनिन्छ) आदि रहेकाछन् । यी धार्मिक तथा ऐतिहासिक स्थलहरूले अजयमेरु गाउँपलिकाको पहिचान छुट्टै बनाएको छ । जुन डडेल्धुरा जिल्लाकै लागि गौरबको विषय हो ।

शिक्षण निर्देशन :

गाउँपालिकाको नक्सा प्रदर्शन गराई नदी, धार्मिक तथा ऐतिहासिक स्थलको पहिचान सम्बन्धमा छलफल गराउने ।

क्रियाकलाप :

१. तिम्रो गाउँमा भएका धार्मिक स्थलका नाम लेख ।

२. अजयमेरु गाउँपालिकाको नक्सा हेरी त्यसमा देखाइएका ऐतिहासिक स्थलको नाम लेख ।

३. आफ्नो गाउँपालिकाको नाक्सामा तिम्रो गाउँ पर्ने स्थानको पहिचान गर ।

# एकाइ - २

# हाम्रो सामाजिक तथा राजनीतिक अवस्था र स्थानीय सरकार

## पाठ - १

## हाम्रो गाउँघर



पहाडको काखमा मेरो सानो गाउँ ।
भीर पाखा पखेरो कति राम्रो ठाउँ ॥
फुल्छन् तोरी बारीमा फ्ल्छन् खेती आलीमा ।
छम्म छम्म नाचिन्छ डमरु र तालीमा ॥

गाउँघरको आगनमा देउसी भैलो गाइन्छ ।
डेउडा, सगुन, धुमारी घुमी घुमी खेलिन्छ ॥
मेलापात गोठालो खेत अनि बारीमा ।
काम गर्छन मिलेर बेसी अनि बारीमा ॥





मर्दा, पर्दा गाउँमा काम मिली गरिन्छ ।
हलो जुवा वोकेर खेतवारीमा धाइन्छ ॥
तप्प तप्प पसिना माटो माथि बगाउछु ।
छुप्प छुप्प हिलोमा धान बाली लगाउछु ॥

स्वर्ग भन्दा प्यारो छ मेरो गाउँ घर ।
पैरखी हुँ हामी सबै पौरख नै गर ॥
गैरा विसु मकर आउछन रङ्ग छरेर ।
गाउँघरमा परदेशी आउछन् काम गरेर ॥

शिक्षण निर्देशन :

चित्र/चार्ट प्रदर्शन गर्दै गाउँघरको वारेमा छलफल गराउने । भौगोलिक, रानीतिक नक्साको प्रयोग गरी छलफल गर्ने छलफल गराउने ।

क्रियाकलाप :

१. तलका प्रश्नको उत्तर लेख ।

(क) तिम्रो गाउँको नाम के हो ?

(ख) गाउँघरमा मानिसहरू कुन कुन काम मिलेर गर्छन ?

(ग) हाम्रो गाउँघरमा मनाइने चाडपर्वको नाम लेख ?

(घ) हामीले कस्तो मान्छे बन्नुपर्छ ?

(ङ) खेतबारीमा किसान के-के बोकेर जान्छन् ?

# पाठ २

## हाम्रो गाउँपालिकाको परिचय




हाम्रो गाउँपालिकाको नाम अजयमेरु हो । ऐतिहासिक स्थल अजयमेरु कोटको नामबाट यस गाउँपालिकाको नामकरण गरिएको छ । यस गाउँपालिकाको पूर्वमा अमरगाढी नगरपालिका, पश्चिममा सोर्नाया गाउँपालिका, उत्तरमा गणेश धुरा र दक्षिणमा भागेश्वर गाउँपालिका रहेको छ ।




यस गाउँपालिका अन्तर्गत ६ वटा वडा रहेका छन् । जसअन्तर्गत कोटेली गाउँदेखि बसना गाउँसम्म वडा नं. १ समैजी, बसना गाउँ देखिबेताल खोलासम्म वडा नं. २ अजयमेरु, वेताल खोलादेखि जगन्नाथ खोलासम्म वडा नं. ३ भद्रपुर, जगन्नाथ खोलादेखि हुरा गाडसम्म वडा नं. ४ चिपुर, हुरागाडदेखि देवल डाँडा धारसम्म वडा नं. ५ देवल र देवल डाँडा धारदेखि बैतडी जिल्लाको सिमाना सोर्नाया गाडसम्म वडा नं. ६ रहेको छ ।

ऐतिहासिक धार्मिक र साँस्कृतिक विविधता हाम्रो गाउँपालिकाको परिचय हो । यहाँ ऐतिहासिक स्थलका रुपमा अजयमेरुकोट, देवल, जगन्नाथ मन्दिर, धार्मिक स्थलका

रुपमा कोला समैजी, सहस्त्रलिङ्ग बीर बेताल, झालटाकुरी र डागेश्वरी मन्दिर रहेका छन् । सांस्कृतिक विविधता अन्तरगत गौरापर्व, बन्दुनी, ओल्क्या जस्ता पर्वहरू रहेका छन् ।




डोटेली मातृभाषीहरूको बसोबास रहेको यस गाउँपालिकाका बहुसङ्ख्यक मानिसहरूको मुख्य पेसा व्यवसाय कृषि र पशुपालन हो । यहाँको मुख्य कृषि बालीको रुपमा धान, मकै, गहूँ, कोदो र भट्मास रहेकाछन् । ग्रामीण पहाडी भू भागमा अवस्थित हाम्रो गाउँपालिका जिल्ला सलरमुकाम डडेल्धुराबाट १९ कि.मी. को दूरीमा रहेको छ ।

शिक्षण निर्देशन :

समूह निर्माण गरी कार्य विभाजन गर्ने छलफल गराउने । गाँउपालिका, वडाको गठन प्रक्रियाको अभिनय गराउने ।

क्रियाकलाप :

१. तलका प्रश्नको उत्तर लेख :

(क) हाम्रो गाउँपालिकाको नाम लेख ?

(ख) हाम्रो गाउँपालिकाको पूर्व पश्चिममा रहेका सिमानाको नाम लेख ।

(ग) हाम्रो गाउँपालिकामा कतिवटा वडा रहेका छन् ?

(घ) हाम्रो गाउँपालिकामा रहेका ऐतिहासिक सम्पदाको नाम लेख ।

(ङ) हाम्रो गाउँपालिकाका प्रमुख कृषि बाली के-के हुन् ?

२. खाली ठाउँ भर :

(क) हाम्रो गाउँपालिकामा ............ वटा वडा सङ्ख्या रहेकाछन् । (चार, पाँच, छ)

(ख) हाम्रो गाउँपालिकामा ............ मातृभाषीको बसोबास रहेको छ । (डोटेली, नेपाली, गाउँले)

(ग) जिल्ला सदरमुकामबाट ............ दूरीमा हाम्रो. गाउँपालिका रहेको छ । (................)

(घ) हाम्रो गाउँपालिकाका मानिसको मुख्य पेशा ............ हो । (कृषि, रोजगारी, शिक्षण)

# एकाइ - ३

# हाम्रो आर्थिक क्रियाकलाप

# पाठ - १

## पशुपालन र खेती प्रणाली

समीर तराईबाट आफ्नो मामाघर राजुलमा आएको छ । उ आफ्नो मामाकी छोरी ममता संग कुरा गर्दै छ ।



समीर : ममता, तिम्रो गाउँमा पशुपंक्षीहरू यसै गरी पाल्छन् ।

ममता : हो नि । किन र ?

समीर : उता तराईतिर त कुखुरा पालन, बाखा पालन, बङ्गुर पालन, गाईभैंसी पालनका छुट्टा-छुट्टै ठाउँ ह ुन्छन् ।

ममता : यता पनि नभएको होईन । व्यवसायिक रुपले काम गर्नेहरूले त ठूला-ठूला फर्म नै खोलेर बसेका छन् । तिमीले देखेका गाईभैंसी, कुखुरा, बाखा घर खर्च चलाउन, आफैले प्रयोग गर्न पालेका हुन् ।



समीर : ए ! कुरा त्यसो पो हो । खेतबारीमा एउटै बाली लगाएको देख्छु । बिहान हामीले खाने गरेको तरकारी कहाँबाट आउँछ ?

ममता : हाम्रो यता सिचाईको व्यवस्था त्यति राम्रो नभएकोले तरकारी नलगाएको हो । छिमेकी गाउँमा व्यवसायिक रुपमै तरकारी खेती गरिन्छ । मौसमअनुसार रायो, पालुङ्गो, आलु, पिडालु, मुला फल्छ । उ त्यो डाडामा सुन्तला, मौसम, कागती र ओखर फल्छन् ।

समीर : यता हेर त ममता अमलाको रुख । हाम्रो तिर अमला महङ्गोमा बेचिन्छ ।

ममता : हामीहरुले पनि अमला सङ्कलन गरेर बेच्ने गरेका छौ । यति मात्र होईन , दालचिनी, लेकतिरको तिमुर र बोजो पनि बेचिन्छ ।

समीर : ए ! त्यसो पो , साझ पर्न लाग्यो लौ त घरतिर लागौँ ।

ममता : लौ हुन्छ जाँउ ।

शिक्षण निर्देशन :

कृषि र पशुपालन प्रणाली के-कस्तो रहेको छ । सोसम्बन्धमा प्रश्न सोध्ने र बालबालिकालाई पशुपालन र खेतीपातीको तरिकाबारे खोज्न प्रेरित गर्ने । कृषि प्रणाली : निवार्हमुखी, परम्परागत, मौसममा निर्भर, खाद्यान्न आपूर्ति, आधुनिकीकरणको कमी आदि बारे छलफल गर्ने ।

क्रियाकलाप :

१. तिम्रो गाउँघरतिर खेती कसरी गरिन्छ ? कुन कुन अन्नपात फलाइन्छ ? लेख ।

२. तिम्रो गाउँ र वरपर के-कस्ता जडिबुटीहरू पाईन्छन् ? सूची बनाऊ ।

३. तिम्रो गाउँमा के-कस्ता पशुपंक्षीहरू पालिएका छन् :? लेख ।

४. ठीक भए ☑ र बेठीक भए ☒ चिन्ह लगाउ ।

(क) जडिबुटी बेच्न सकिदैन ।

(ख) मेरो गाउँमा कुनै फलफुल फल्दैन ।

(ग) खेतबारीमा तरकारी फलाउन सकिन्छ ।

(घ) मेरो गाउँमा सिचाईको अभाव छ ।

५. तिम्रो गाउँघरमा पशुपालन, फलफुल खेती, तरकारी खेती, जडीबुटी खेती आदि के-के गरिन्छ ? कसरी ? कुनै जान्ने मानिसलाई सोध र लेख ।

६. तलको चित्रमा मिल्ने रङ्ग भर ।



# पाठ- २

## उद्योग व्यवसायहरु



घनघस्या मा. वि. का विद्यार्थीहरू टाढा-टाढाबाट आउछन् । तिनीहरूको गाउँमा विभिन्न किसिमका उद्यमहरू हुन्छन् । कक्षा ४ मा गीता मिस पढाउँदै छिन् । उनले पालै-पालो सबैलाई तिनीहरूका गाउँमा भएका उद्योगहरूको बारेमा प्रश्न गर्दै छिन् , “भन त रमेश तिम्रो गाउँमा कुन उद्योग छ ? ” रमेशले उत्तर दिन्छ, “मेरो बसाई लेक तिर छ । त्यहाँ धेरै खर्कहरू पनि छन् । बेसीतिर बस्नेहरूले गाईभैंसी पाल्न लेक तिर बसाई सर्छन् । त्यहाँ दूध उत्पादन धेरै हुने भएकोले दुग्ध व्यवसाय फष्टाएको छ । सबै किसानले डेरीमा दूध बेच्छन् । डेरी व्यवसायीले दूधबाट खुवा, पनिर, घिउ बनाई बजारमा बेच्छन् ।”



“स्यावास रमेश । तिमीलाई डेरी व्यवसाय बारे राम्रो ज्ञान रहेछ । हिरा, तिम्रो गाउँमा कुन व्यवसाय छ ?” हिरा उभिएर उत्तर दिन्छिन् ।“ हाम्रो गाउँका सबैले खेतीपाती गर्छन् । यस बाहेक केही जना सिलाई बुनाई सम्बन्धी काम गर्छन् । रामु दाईको परिवार सिलाईमा छ । उनीकहाँ गाउँभरीबाट लत्ता कपडा आउछन् । र उनले नाप अनुसारका तयारी लुगा बनाएर दिन्छन् । वर्षको सुरुमा विद्यालय सुरु हुन्छ । यसबेला उनी संग धेरै काम हुन्छ ।

त्यस बाहेक चाडपर्वमा पनि काम धेरै हुन्छ । श्यामा भाउजु बजारबाट ऊन किनेर स्विटर, मोजा र पञ्जा बनाउछिन् ।”

“हिराको उत्तर राम्रो र जानकारीमुलक छ । अब, लक्ष्मण भन त तिम्रो गाउँमा कुन व्यवसाय छ ?”

“रमेश र हिराको जस्तो व्यवसाय मेरो गाउँमा छैन । मेरो गाउँ सडक संग



जोडिएको छ । मेरो आमाले सडक छेउको घरमा होटल व्यवसाय गर्नु भएको छ । दिनहुँ होटेलमा खाना र खाजा खान मानिसहरू आईरहन्छन् । दाल, भात, तरकारी र रोटी मुख्य खानाहरु हुन् भने खाजामा चिया विस्कुट, चना, भटमास, समौसा, जेरी आदि पाईन्छन् । अवेर गरी आउने यात्रुहरुका लागि राती बास बस्ने व्यवस्था पनि छ । दिनहुँ मोटरहरु रोकिन्छन् । यात्रुहरुले चाहे अनुसारको खाना र खाजा खाएर जान्छन् ।”

“धेरै राम्रो । यस्ता व्यवसायबाट राम्रो आम्दानी हुन्छ । बुझ्यौ ?”

“बुझ्यौं मिस ।”

शिक्षण निर्देशन :

स्थानीय क्षेत्र र जिल्लामा भएका उद्योग व्यवसायहरुको तथ्याङ्क सङ्कलन गरी तिनीहरुबाट उत्पादित वस्तु तथा सेवाको विवरण तयार पारी छलफल गराउने ।

क्रियाकलाप :

१. तिम्रो गाउँघरमा भएका उद्योग व्यवसायको सूची बनाऊ ।

२. गाउँघरमा भएका उद्योगबाट उत्पादन भएका वस्तु तथा सेवाहरू बारे लेख ।

३. होटेल व्यवसायबाट हुने फाइदाहरू के-के हुन् लेख ।

४. ठीक भए ☑ र बेठीक भए ☒ चिन्ह लगाउ ।

(क) डेरी व्यवसायबाट आर्थिक फाईदा हुन्छ ।

(ख) मेरो गाउँमा सबैले कपडा सिउने काम गर्छन् ।

(ग) ऊनबाट स्विटर र पञ्जा बनाउन सकिन्छ ।

(घ) डेरीमा गाईभैँसी पालन गरिन्छ ।

५. तिम्रो स्थानीय क्षेत्र / गाउँपालिका / नगरपालिका भएका उद्योगहरू के-के छन् ? आफुभन्दा ठुला र जान्ने मानिसलाई सोध । त्यस्ता उद्योगबाट के-कस्ता वस्तु तथा सेवाहरू उत्पादन हुन्छन् ? लेख ।

| उद्योग | उत्पादन हुने वस्तु तथा सेवा |
|---|---|
| १. | |
| २. | |
| ३. | |
| ४. | |
| ५. | |
| ६. | |

# पाठ - ३

## प्रमुख उत्पादनहरू



मेरो घर अजयमेरु गाउँपालिकामा पर्दछ । यो गाउँपालिका डडेल्धुरा जिल्लाको सदरमुकाममा रहेको अमरगढी नगरपालिका संगै जोडिएको छ । यहाँ थरी-थरीको हावापानी र माटो रहेको छ । कम उचाई भएको र नदीको किनारी क्षेत्रमा मालिलो माटो पाइन्छ । यसमा धान, गहूँ, कोदो, तोरी, मास, भट्मास र मकै फल्दछन् । फलफूलहरूमा केरा, आँप, चिउरी प्रमुख रहेका छन् । सिचाई भएको क्षेत्र जस्तै धारी, भट्चाडीमा मौसमी र बेमौसमी तरकारी खेती गरिन्छ । वातानुकुलित पोलिहाउसका कारणले बेमौसमी तरकारी खेती गर्न सजिलो भएको छ । लेकाली क्षेत्रमा पनि मकै, गहूँ, जौ, गेडागुडी, आलु, प्याज, मुला, लसुन आदि जस्ता बालीहरु प्रमुख रुपमा उत्पादन गरिन्छन् । मध्य क्षेत्रमा सुन्तला मौसम जस्ता फलफुलहरु पाईन्छन् । उच्च लेकाली क्षेत्रमा ओखर धेरै फल्ने गर्दछ । धान, गहुँ मकै, कोदो अन्नवाली हुन् भने फलफूल, तरकारी, गेडागुडी र तोरी नगदे वाली हुन् । खेतीपाती बाहेक पशुपालन पनि गरिन्छ । सबैजसो घरमा आफ्नो प्रयोगका लागि गाईभैंसी, बाख्रा, कुखुरा पालन गरिएको छ ।





मगराउँ र चिपुरमा व्यवसायिक बाख्रा पालन, भुल्कुडा, भद्रपुर र पुईलेक आदि ठाउँमा व्यवसायिक रुपले कुखुरापालन गरिएको पाईन्छ।

मेरो गाउँको वार्ड नं. १ डोको, नाङ्लो, वडा न. २ भाडाँकुडाँका लागि चिनिएको छ। यहाँ भाडाँकुडाँ र विभिन्न मुर्ति बनाईन्छन्। त्यसैगरी घट्टका लागि चक्की तयार पार्ने काम समेत गरिन्छ। पहिले यहाँ माटोबाट सुल्पा र हुक्का पनि




बनाईन्थ्यो। छालाका जुत्ता समेत बनाईन्थ्यो। आजभोलि त्यो काम बन्द भईसकेको छ। वडा न. ३ र ४ मा भाँडा बनाउने र काष्ठकलाका वस्तुहरु बनाईन्छन्। गाउँपालिकामा असंगठित रुपमा रसी बनाउने जाल बुन्ने, बावियोबाट कुचो बनाउने काम गरिन्छ। यस बाहेक ग्रील सटरका काम, सिमेन्ट, गिट्टी र बालुवा मिसाई ईंटाहरु बनाउने काम गरिन्छ। पशुपालन भएको क्षेत्रमा डेरी उत्पादनहरू प्रसस्त मात्रामा पाईन्छन्। कपासबाट धागो बनाउने काम समेत गरिन्छ।

शिक्षण निर्देशन :

बालबालिकालाई आफ्नो र छिमेकी गाउँमा हुने कृषि र गैर कृषि उत्पादनको सूची तयार पार्न लगाउने।

क्रियाकलाप :

१. तिम्रो गाउँमा के-कस्ता अन्नहरू उत्पादन हुन्छन् ? लेख।

२. आफ्नो गाउँमा फल्ने फलफूलहरूको नाम लेख ?

३. तिम्रो गाउँपालिकामा उत्पादन हुने वस्तुहरूको नाम लेख ।

४. नजिकैको पसलमा जाऊ । त्यहाँ पाईने वस्तुहरू कहाँ-कहाँ उत्पादन भएका हुन् ? सोध र लेख ।

५. ठीक भए ☑ र बेठीक भए ☒ चिन्ह लगाउ ।

क.डेरी कृषिमा आधारित उद्योग हो ।

ख. छालाबाट जुत्ता बनाउन सकिन्छ ।

ग. धान लेकाली क्षेत्रमा उत्पादन हुन्छ ।

घ. सिचाई भएको ठाउँमा तरकारी खेती गर्न सकिदैन ।

६. तिम्रो गाउँमा हुने कृषि उत्पादनहरू के-के हुन् ? त्यसबाट के-कस्ता उद्योग व्यवसायहरु सञ्चालन गर्न सकिन्छ ? लेख ।

| स्थानीय कृषि उत्पादन | सञ्चालन गर्न सकिने उद्योग व्यवसाय |
|---|---|
| १. | |
| २. | |
| ३. | |
| ४. | |
| ५. | |
| ६. | |
| ७. | |

# पाठ - ४

## स्थानीय बजार




पंकज सरले आज कक्षा ४ मा पस्नासाथ भन्नु भयो "आज हामी विद्यालय नजिकै रहेको बजारमा के-के पाईन्छन् ? हेर्न जानु पर्छ है ।" सबै जना लाईन लगाएर कक्षाबाट बाहिर निस्किए र नजिकैको बजारमा गए । उनीहरू सबैभन्दा पहिले कृष्ण काकाको पसलमा गए । उनको पसलमा थरी-थरीका कपडा राखिएका थिए । तयारी स्विटर, ज्याकेट, सर्ट, पाईन्टहरु झुण्ड्याएर राखिएका थिए । पसलको एक कुना तिर जुत्ता, चप्पल, मोजा र स्याण्डलहरू राखिएका थिए । अर्को पट्टी कपडाका थानहरू राखिएका थिए । विद्यार्थीका लागि स्कुल लैजाने झोला पनि राखिएका थिए । रंगी चंगी लुगा कपडाले पसल धेरै सुन्दर देखिएको थियो ।



त्यसपछि दयानन्द दाजुको पसलमा गए । उनको पसलमा खाने पिउने सामानहरू खाउँ-खाउँ लाग्ने गरी राखिएका थिए । चाउचाउ, विस्कुट, चकलेट सजाएर राखिएका थिए । सावुन, तेल, र मसला अर्कोतिर सजाईएका थिए । दाल, चामल, पिठो, बोरीमा राखिएका थिए । आलु, प्याज, टमाटर, घिउ आदि पनि बेच्न राखिएका रहेछन् ।

छविलाल बाजेले भाडाँकुडाँको पसल थापेका छन् । उनको पसल बजारको ठीक बीचमा छ । पसलमा डेक, कराई, ताप्के, राईस कुकर, थाल, कचौरा र अन्य भाडाँकुडाँहरू राखिएका छन् । गाउँलेलाई आवश्यक परेको भाडाँकुडाहरू यही पसलबाट खरीद गर्दछन् । यहाँबाट किनेको भाडाँकुडाँ बलिया हुन्छन् ।

अन्त्यमा प्रेमदाईले थाप्नु भएको खाजा पसलमा गए । उनले थरी-थरीका खाजाहरू तयार पारेका रहेछन् । जेरी, मिठाई, चना, पकौडा, समौसा पहिले नै पकाइसकेका रहेछन् । उनको खाजा पसल हेर्दा हेर्दै खाजा खाने समयका लागि घण्टी बज्यो । सबैले प्रेमदाईको पसलमा खाजा खाए । त्यसै वेला विद्यालयबाट अरु गुरु, गुरुआमा र स्कुले विद्यार्थीले पनि आएर खाजा खाए ।

शिक्षण निर्देशन :

स्थानीय ठाउँमा रहेको प्रमुख बजार र व्यापारिक केन्द्रको अवलोकन भ्रमण गराउने र त्यहाँ पाईने वस्तुहरूको सूची तयार पार्न लगाउने ।

क्रियाकलाप :

१. के तिम्रो गाउँमा पसलहरू छन् ?

२. पसलमा के -के वस्तुहरू पाईन्छन् ? लेख ।

३. तिम्रो गाउँमा पुस्तक पसल छ ? छ भने कुन-कुन पुस्तकहरू पाईन्छन् ? कुनै पाँचवटाको नाम लेख ।

४. भाडाँकुडाँको पसलमा के-के पाईन्छन् ? लेख ।

५. ठीक भए ☑ र बेठीक भए ☒ चिन्ह लगाऊ ।

क. किराना पसलमा लुगा कपडा पाईन्छ ।

ख. नास्ता पसलमा भाडाँकुडाँ किन्न पाईन्छ ।

ग. खाजा पसलमा सबैले खाजा खान सक्छन् ।

घ. बजारमा दाल, चामल किन्न पाईन्छ ।

६. तिम्रो गाउँको पसलमा गई त्यहाँ पाइने वस्तुहरूलाई स्थानीय स्तरमा उत्पादन हुने वस्तु र बाहिरबाट ल्याउनु पर्ने वस्तुहरूमा वर्गीकरण गर ।

| स्थानीय ठाउँमा उत्पादन हुने | बाहिरबाट किनेर ल्याउनु पर्ने |
|---|---|
| | |

# पाठ - ५

## स्थानीय सेवा क्षेत्र



शहर बजारमा जस्तै गाउँमा पनि विभिन्न सेवाहरूको आवश्यकता पदर्छ । शहरतिर स्वास्थ्य, शिक्षा, खानेपानी, बजार, सुरक्षा, यातायात आदिको राम्रो व्यवस्था भएको हुनाले बढी मानिसहरू बसोबास गर्दछन् । ती सबै सुविधाहरू गाउँमा पनि चाहिन्छन् । हाम्रो गाउँघरमा भएका सेवा दिने कार्यालयहरूको छोटो परिचय यहाँ दिइएको छ ।




सरसफाईको कमी भयो भने हैजा, टाईफाईड, आउँ, झाडापखाला जस्ता रोगहरू लाग्दछन् । त्यसैगरी चिसो मौसममा रुघाखोकि, निमोनियाँ पनि हुन सक्दछ । रोग लाग्न नदिन के-के गर्नुपर्छ भनी स्वास्थ्य कार्यकर्ताले सल्लाह दिन्छन् । त्यसै गरी स्वास्थ्य चौकीमा रोग लागिसकेपछि उपचार गर्न विभिन्न साधन, औषधी र औषधी दिने स्वास्थ्य कार्यकर्ताहरू हुन्छन् ।

ज्ञानको ज्योति फैलाउन विद्यालयहरू जतातततै खुलेका छन् । विद्यालयमा शिक्षकले विद्यार्थीलाई अक्षर चिनाउने र सिकाउने गर्दछन् । आपसमा मिलेर बस्न, सहयोग लिन र दिन पनि सिकाउँछन् । समाजमा रहेका अन्धविश्वास, कुरीति हटाउन जनचेतना दिन्छन् । सीप सिकेर आयआर्जन गर्न, जीवनस्तर सुधार्न र स्वस्थ जीवनयापन गर्न पनि विद्यालयबाट नै सिक्न सकिन्छ ।

एक ठाउँमा रहेको मानिसले अर्को ठाउँमा रहेको मानिससंग सम्पर्क र कुराकानी गर्नु पर्ने हुन्छ । यसका लागि हुलाकले आफ्नो सेवा दिदै आएको छ । कुनै एक




व्यक्तिले लेखेको चिठ्ठी हुलाकले तोकिएको ठेगानामा पुर्‍याई एक ठाउँमा बसेका मानिसको सन्देश अर्को ठाउँमा बसेका मानिस कहाँ पठाई सञ्चारमा मद्दत गर्दछ । आजभोलि टेलिफोन, मोवाईल, ई-मेल र ईन्टरनेटले हुलाकको महत्वलाई घटाई दिएका छन् । यी नयाँ प्रविधिले मानिसलाई सञ्चारको छिटो , छरितो र भरपर्दो सेवा दिदै आएका छन् ।

शिक्षण निर्देशन :

सेवा क्षेत्रमा भ्रमण गराई तिनीहरुले दिने सेवाको सूची बनाउने र सेवा केन्द्रबाट पाएको सेवाका फाइदाहरू माथि छलफल गराउने ।

क्रियाकलाप :

१. तिम्रो गाउँमा के-कस्ता सुविधाहरू रहेका छन् ?

२.विद्यालयले के-के सेवाहरू दिन्छ ? लेख ।

३. तिम्रो गाउँमा रहेको स्वास्थ्य चौकीका सेवाहरू के-के हुन् ?

४. ठीक भए ☑ र बेठीक भए ☒ चिन्ह लगाऊ ।

क. स्वास्थ्य चौकीले स्वस्थ रहन सिकाउँछ ।

ख. हुलाकले टेलिफोन भन्दा छिटो सेवा दिन्छ ।

ग. इमेल र ईन्टरनेट सञ्चारका आधुनिक साधन हुन् ।

घ. ज्ञान र सीप सिक्न विद्यालय चाहिदैन ।

५. तिम्रो समुदायमा रहेका सेवा क्षेत्रहरू के-के हुन् ? तिनीहरूले के-कस्तो सेवा उपलब्ध गराउँछन् ? लेख ।

| सेवा क्षेत्र | उपलब्ध सेवा |
|---|---|
| १. | |
| २. | |
| ३. | |
| ४. | |
| ५. | |
| ६. | |

६. सेवा क्षेत्रका महत्वहरू उल्लेख गर ।

# एकाइ - ४

# स्थानीय सीप प्रविधि र रोजगारी

# पाठ - १

## हाम्रा घरायसी सामानहरू



मनिसको दैनिक जीवनमा विभिन्न आवश्यकताहरू आइपर्छन् । हाम्रो जीवनलाई सहज व्यवहारीक र सुविधायुक्त बनाउन धेरै पहिलेदेखि नै विभिन्न किसमका सामग्रीहरू निर्माण गरी प्रयोग गर्दै आएका छन् । हाम्रो गाउँमा स्थानीय स्तरमा उपलब्ध हुने बाँस, निगालाबाट डोको/डालो निर्माण गरी दैनिक जीवनमा प्रयोग गर्दै आइरहेका छन् । स्थानीय सीप अनुसार मानिसहरुले डोको डालो बनाउन बाँस, निगालाबाट निश्चित आकार प्रकारका चोया तयार गर्दछन् ।



स्थानीय जंगलमा पाइने बाबियोबाट घर बढार्न कुचो र दाम्लो बनाइ प्रयोगमा ल्याउने गर्छन् । गाउँघरका अनुभवी दाजु-भाइले बाबियोको डोरी बाटेर कुचो निर्माण गर्छन् । हाम्रो गाउँघरमा पाइने साल, मालु र तिमिलोको पातलाई बाँसको सिन्काले उनेर दुना टपरी बनाउछन् । पूजा-पाठ तथा भोज भतेरमा थालको सट्टामा दुना टपरी प्रयोग गर्ने चलन छ । पशुको छालालाई स्थानीय सीप अनुसार प्रशोधन गरी नरम बनाइ धागोले सिलेर जुत्ता तयार गर्दछन् । स्थानीय स्तरमा बनेका जुत्ता बलिया र बजार भाउ भन्दा सस्तो रेटमा पाइन्छन् ।



शिक्षण निर्देशन :

पाठमा दिएका डोको, डालो, दुना, टपरी, कुचोको चित्र देखाइ ती सामानहरू बनाउने तरिका र प्रयोग बारे छलफल गरी बताइदिनुहोस् । कक्षाकोठामा स्थानीय स्रोत सामग्री तयार गर्ने स्रोत व्यक्ति बोलाऊहोस् । उनले कुचो, डोको, टपरी कसरी बनाउँछन् बालबालिकालाई अवलोकन गराउनुहोस् ।

क्रियाकलाप

१. दुना टपरी बनाउन निम्न तरिकाहरू प्रयोग गरी हेर :

-साल तथा तिमिलोको पातलाई पट्याएर राख ।

-बाँसका साना साना सिन्काले उनेर शिक्षकको निर्देशन अनुसार दुना टपरी बनाऊ ।

२. तिम्रो घरमा प्रयोग गरिने स्थानीय सामग्रीहरूको सूची तयार पार ।

३. पाठमा दिएको डोकोको चित्र हेरी डोकोको सफा चित्र बनाऊ र रङ्ग भर ।

४. तलका प्रश्नको छोटो उत्तर लेख :

(क) कुचो के काममा प्रयोग गारिन्छ ?

(ख) दुना टपरी निर्माण गर्न के-के चाहिन्छ ?

(ग) डोको डालो निर्माण गर्न कुन-कुन सामग्री आवस्यक हुन्छन् ?

(घ) तिम्रो घरमा प्रयोग हुने कुनै पाँच ओटा स्थानीय सामग्रीको नाम लेख ।

# पाठ - २

## स्थानीय प्रविधि र प्रयोग

स्थानीय स्तरमा प्रयोग हुने प्रविधिको बारेमा स्थलगत अध्ययन भ्रमण गर्न गएका घनघस्या मा.वि का कक्षा ४ का विद्यार्थीहरू र स्थानीय प्रविधिको ज्ञान भएका धनिराम बीच भएको कुराकानी यस्तो छ ।



विद्यार्थी - नमस्कार बाजे

धनिराम - नमस्कार, आज के कामले मेरो घरमा आउनुभयो नानीबाबु !

विद्यार्थी - तपाईंको गाउँमा भएको तेल पेल्ने कोलु कसरी बनाइने रहेछ भनेर जानकारी लिन आएको, बाजे !

धनिराम - (कोलु देखाउदै) हेर नानीबाबु कोलु तयार गर्न पहिला ठूलो काठको गोलियो खोज्नु पर्छ । बलियो काठको बेउ बनाइ ठूलो रसीले बेउको टुप्पोमा ढुङ्गा बाँधि गह्रुङ्गो बनाउनु पर्छ । एक जनाले तल तिर काठमा पारिएको खाडलमा तोरी राख्ने र अरुले ढुङ्गा राखेको भागलाई घुमाउदै जानु पर्छ । यसरी घुमाउदै जाँदा काठले तोरी पेलिदै जान्छ र तलबाट भाडोमा तेल निस्कन्छ ।



विद्यार्थी - अरु तपाईंको गाउँमा के-के प्रविधि छन् त बाजे ?

धनिराम - दहीबाट मोही तयार पारी नौनी निकल्ने ठेकी मदानी पनि देखाउछु नि ! नानीबाबु हेर (देखाउदै) गिठी र साननको काठ कोरेर ठूलो गाग्री जस्तो भाँडो

तयार गर्नु पर्छ । बलियो काठ - टिमुर, साल) को १.५ मिटर लामो मदानी बनाउनु पर्छ । मदानीको टुप्पोमा प्वाल पारी मोही बनाउने झारको मुठा राख्नु पर्छ । एउटा रसी मदानीमा बेरेर बेस्सरी तान्नु पर्छ ।

विद्यार्थी - यो गाउँमा अरु कुन-कुन प्रविधि छन् त बाजे ?

धनिराम - पानी घट्ट, ( देखाउदै ) ढिकी, जातो, ओखल पनि छन् । यी हाम्रो गाउँमा विभिन्न काममा प्रयोग गर्ने गरिन्छन् ।

विद्यार्थी - हवास त बाजे अहिले हामी जान्छौं ।

शिक्षण निर्देशन :

विद्यार्थीहरूलाई स्थानीय प्रविधि र ती सामग्री बनाउने तरिकाहरू सिकाउन शैक्षिक भ्रमण गराउनुहोस् र विद्यार्थीहरूलाई टिपोट गर्न लगाउनुहोस् ।

क्रियाकलाप :

१. तल दिईएका स्थानीय स्तरमा भएका प्रविधिहरुको चित्र देखाई तिनीहरुको प्रयोग गरी कसरी काम हुन्छ ? छलफल गराउनुहोस ।



ओखल



ढिकी





सिलौटो घट्ट

२. स्थानीय सामग्रीहरु संकलन गरी स्थानीय प्रविधिको नमुना तयार पार्न लगाउनुहोस् ।

३. खाली ठाउँ भर :

(क) हाम्रो गाउँमा तेल पेल्ने ......................... छ ।

(ख) नौनी निकाल्न .............................. प्रयोग गरिन्छ ।

(ग) ढिकी ............................ प्रयोग गरिन्छ ।

४. तेल पेल्ने कोलु कसरी बनाइन्छ ? लेख ।

५. ढिकी, पानी घट्टको चित्र बनाऊ ।

# पाठ - ३

## कामको महत्व



विरमान सिंहका बुबा मिहिनेती किसान हुन् । उनी डडेल्धुराको अजयमेरु गाउँपालिकामा बस्छन् । उनको घरमा बाख्रा फर्म छ । उनको फर्ममा १५० बाख्राहरू छन् । उनले खसी बाख्राहरू बेचेर राम्रो आम्दानी गर्छन् । उनका दुई छोरा छन् । उनले आफ्नो जहान परिवारको सम्पूर्ण खर्च यसै व्यवसायबाट चलाउने गरेका छन् । लत्ता कपडा, खानेकुरा उपचार खर्च, पढाइ खर्च सजिलै पूरा गर्न सक्छन ।

धनमायाकी आमा अजयमेरुकै विद्यालयमा पढाउने कुशल शिक्षिका हुन् । ऊनले आफ्नो मासिक तलबले आफ्नो घर परिवारको सम्पूर्ण खर्च बेहोर्नु पर्छ । उनका दुई छोरा, १ छोरी छन् । केही रकम बचत गरेर उनले छोरी, छोराको नाममा कोष खडा गरी दिएकी छन् ।



गोकुलबहादुरका बुबा व्यापार गर्छन् । उनको डडेल्धुरामा जुत्ता पसल छ । स्थानीय गाउँघरमा बनेको कच्चा पदार्थबाट जुत्ता चप्पल बनाएर बेच्छन् । त्यहीबाट आएको रकमले घरको सम्पूर्ण खर्च ब्यहोर्छन् । परि आएमा उनले गाउँलेहरूलाई समेत सहयोग गर्छन् ।

यसरी अजयमेरु गाउँपालिकामा विभिन्न पेशा गर्ने मानिसहरू छन् । खेतपाती डकर्मी, सिकार्मी, व्यापारी, सूचीकार, ताम्राकार, चित्रकार, कार्मचारी, डाक्टर, इन्जिनियर, पेशामा काम गर्ने व्यक्तिहरूले आफ्नो व्यवसायबाट राम्रो आम्दानी गरेर घर चलाउँछन् ।

शिक्षण निर्देशन :

विद्यार्थीहरूलाई आफ्नो गाउँघरमा रहेका मानिसहरूले के-के काम गर्छन् ? घरमा सोधर कामको सूची तयार पारी कक्षामा भन्न लगउनुहोस् ।

क्रियाकलाप :

१. आफ्नो गाउँटोलमा भएका मानिसहरूले गर्ने काम र कामको विवरण तलको तालिकामा भर ।

| कसले ? | के काम गर्छन् ? |
|---|---|
| १.<br>२.<br>३.<br>४. | |

२. अजयमेरु गाउँपालिकामा कुन-कुन पेसा गर्ने मानिसहरू छन् । लेख ।

# एकाइ - ५

# प्राकृतिक स्रोत तथा साधन

# पाठ - १

## प्राकृतिक स्रोतको वर्गीकरण

प्रकृतिमा आफै उत्पन्न भएका स्रोतलाई प्राकृतिक स्रोत भनिन्छ । यस्ता श्रोतहरूको गुण र बनावटका आधारमा प्राकृतिक स्रोतलाई ३ भागमा वर्गीकरण गर्न सकिन्छ ।






१. अनन्त स्रोत : कहिल्यै पनि नाश नहुने र निरन्तर शक्ति प्राप्त भइरहने स्रोतलाई अनन्त स्रोत भनिन्छ । जस्तै सौर्यशक्ति, वायुशक्ति, जलशक्तिलाई अनन्त स्रोतका रुपमा मान्न सकिन्छ ।

२. नवीकरणीय स्रोत : एक पटक प्रयोग गरेर सकिए पनि फेरी उत्पादन गर्न सकिने प्राकृतिक स्रोतलाई नवीकरणीय स्रोत भनिन्छ । जस्तै स्वच्छ हावा, स्वच्छ पानी, वनस्पति आदि ।

३. अनवीकरणीय स्रोत : प्रयोग गर्दै जादा रित्तिए पछि फेरी उत्पादन गर्न नसकिने स्रोतलाई अनवीकरणीय स्रोत भनिन्छ । जस्तै कोइला, मट्टीतेल, तामा, फलाम, डिजेल, पेट्रोल आदि ।

शिक्षण निर्देशन :

आफ्नो वरिपरि भएका प्राकृतिक स्रोतको नाम भन्न लगाई तिनीहरुको वर्गीकरण गराउँदै छलफल गर्ने ।

क्रियाकलाप :

१. कस्ता स्रोतलाई प्राकृतिक स्रोत भनिन्छ ?

२. प्राकृतिक स्रोतलाई कति भागमा बाँड्न सकिन्छ ? नाम लेख ।

३. सौर्यशक्तिलाई किन अनन्त श्रोत भनिन्छ ?

४. अनवीकरणीय स्रोतका २ वटा उदाहरण लेख ।

५. तलका स्रोतलाई वर्गीकरण गर ।

स्वच्छ हावा, स्वच्छ पानी, डिजेल, सूर्य, वनस्पति, फलाम, तामा, उर्वर माटो, वायुशक्ति

६. ठीक भए ☑ र वेठीक भए ☒ चिन्ह लगाउ ।

(क) सूर्य नविकरणीय स्रोत हो ।

(ख) अनन्त स्रोतको प्रयोग गर्दै जाँदा सकिन्छ ।

(ग) प्रकृतिमा आफै उत्पन्न भएका स्रोत प्राकृतिक स्रोत हुन् ।

(घ) डिजेल, पेट्रोल अनवीकरणीय स्रोत हुन् ।

# पाठ - २

## प्राकृतिक सम्पदाको दिगो प्रयोग



अजयमेरु गाउँपालिका वडा नं. ३ मा अवस्थित भद्रपुर मा.वि. भद्रपुरमा एक जना शिक्षक र कक्षा ४ का विद्यार्थी बीच भएको छलफल संवादका रुपमा उल्लेख गरिएको छ ।

शिक्षक : ल विद्यार्थी भाइबहिनीहरु ! आज प्राकृतिक सम्पदाको दिगो प्रयोग वारे छलफल गरौँ है त ।

रमेश : हुन्छ सर ! तर दिगो प्रयोग भनेको चाहि के रहेछ सर ?

शिक्षक : प्राकृतिक स्रोतको संरक्षण गरी लामो समयसम्म त्यसको प्रयोग गर्नु दिगो प्रयोग हो ।

कल्पना :- ए ! त्यसो भए हावा, पानी, जमिनको प्रयोग कसरी गर्ने सर ?

शिक्षक :- हावा, पानी र जमिनलाई दूषित नगरेर सफा राख्ने । वनजङ्गल जोगाउने, वृक्षारोपण गर्ने, पानीका मुहानबाट गाइ गोरु टाढा राख्ने, हावामा धूलो धुँवा मिसिन नदिने, कम धुवा निस्कने सवारी साधन चलाएर हावा दूषित हुनवाट जोगाएर दिगो प्रयोग गर्न सकिन्छ । ल भन त हेमा हावा, पानीको दिगो प्रयोग नगर्दा के होला ?

हेमा :- सर, हावा, पानी जस्ता प्राकृतिक स्रोतको दिगो प्रयोग नगर्दा हामीलाई विभिन्न रोग लाग्लान नि सर । हैन र ?

शिक्षक :- हो, रोग पनि लाग्छ । अनि पछिका पुस्ताका लागि स्रोत जोगाउन पनि प्राकृतिक स्रोतको दिगो प्रयोग गर्नुपर्छ । किनकि हामी पछिका सन्ततीलाई पनि

हावा, पानी, जमिन, वनजङ्गल जस्ता प्राकृतिक स्रोतको आवश्यकता पर्छ ।

निरज :- ए ! त्यसो पो रहेछ सर । प्राकृतिक स्रोतको दिगो प्रयोगले त हामीलाई पनि आवश्यकता पूरा गर्न सजिलो हुने र हाम्रा सन्तानले पनि आवश्यकता पूर्ति गरी बाँच्न पाउने रहेछन् । त्यस्तै हो सर ?

शिक्षक :- ठीक भन्यौ । प्राकृतिक स्रोतको दिगो प्रयोग अव तिमीहरूले पनि गर्ने र परिवारमा पनि यसको बारेमा जानकारी गराउने है ।

सवै विद्यार्थी :- हुन्छ सर ।

शिक्षण निर्देशन :

बिभिन्न प्राकृतिक सम्पदाको अबलोकन भ्रमण गर्न लगाई तिनका प्रकार र अबस्था बारे टिपोट गर्न लगाउने र तिनीहरूको दिगो प्रयोग कसरी गर्न सकिन्छ ? छलफल गर्ने ।

क्रियाकलाप :

१. माथिको संवादलाई कक्षामा विद्यार्थी-विद्यार्थी बीच अभिनय गराउनुहोस् ।

२. दिगो प्रयोग भनेको के हो ?

३. प्राकृतिक स्रोतको दिगो प्रयोगबाट के फाइदा हुन्छ ?

४. हावा, पानीको दिगो प्रयोग कसरी गर्न सकिन्छ ?

५. तिम्रो गाउँघरतिर कुन-कुन प्राकृतिक स्रोतको दिगो प्रयोग भएको छ ?

६. खाली ठाउ भर :

(क) लामो समय सम्म प्राकृतिक स्रोतको प्रयोग गर्नु ............ हो ।

(ख) दिगो प्रयोगबाट पछिका ............... लाई सजिलो हुन्छ ।

(ग) प्राकृतिक स्रोतको दिगो प्रयोग गर्न हामी सबैको .................हो ।

(घ) सवारी साधनवाट निस्कने धुँवालाई नियन्त्रण गरेमा हावा ......... हुनवाट जोगाउन सकिन्छ ।

# एकाइ - ६

# पर्यटन : स्थानीय धार्मिक, ऐतिहासिक  साँस्कृतिक र वातावरणीय

# पाठ - १

## हाम्रा प्रमुख प्राकृतिक सम्पदाहरू




हाम्रो अजयमेरु गाउँपालिका भित्र विभिन्न प्रकारका अमूल्य प्राकृतिक सम्पदाहरू छन् । प्राकृतिक सम्पदा भन्नाले कसैले नबनाइकन आफै बनि आएका चिजवस्तुहरू माटो , जल, वनजङ्गल, खनिज, पहाड-पर्वत, नदीनाला, झरना आदि हुन । यी प्राकृतिक सम्पदाकै भरमा सृष्टिका सबै प्राणीहरूको जीवन चलेको छ ।

अजयमेरु गाउँपालिकाका प्रमुख प्राकृतिक सम्पदाहरूमद्धे उत्तरतिर पूर्व-पश्चिम फैलिएको गणेशधुरा पहाड प्रमुख मान्न सकिन्छ । यस पहाडको दक्षिणी काखमा अजयमेरुको अधिकाँस वस्ती रहेका छन् । साथै यहाँको प्राकृतिक धन सम्पदामा समैजी सल्लेरीवन, बेताल वन, रानीवन, टुडसैनीवन, र डागेश्वरीवन रहेका छन् । यी वनहरुबाट अजयमेरु गाउँबासीहरूले पशुपालन, घाँसदाउरा, स्याउलासोतर, काठ, जडीबुटी र स्वच्छ वातावरण पाएका छन् । दिन प्रति दिन विश्व वातावरण ह्रास भई विभिन्न किसिमका रोगहरू उत्पन्न हुने, समयमा पानी नपर्ने जस्ता

समस्याहरू खडा हुन गइरहेका छन् । यसको निराकरण गर्न प्राकृतिक वनलाई अझै व्यवस्थित गरी नाङ्गा डाँडामा वृक्षारोपण गर्ने र हरियाली पार्ने, सबै सडकका दाँया बाँया वृक्षारोपणका साथ हराभरा बनाई भू-क्षय हुनबाट जोगाई प्राकृतिक वातावरणको संरक्षण गर्नु हामी सबैको कर्तव्य र जिम्मेबारी हो ।

गणेशधुरा पहाडको दक्षिणी भेगतिर ठूला साना खोला र नदीहरू बगेका छन् । बसानागाड (क्षेगाड), बेताल खोला, जगन्नाथ खोला, धारीखोला, हुरागाड, चौँडीगाड बगेका छन । यी नदी र खोलाहरूबाट ठाउँ-ठाउँमा कुलो निकाली सिचाई गर्न मद्दत पुगेको छ । यसका साथै पानी घट्ट चलाउने, खानेपानी ल्याउने, बालुवा र गिट्टी झिक्ने र माछा मार्ने काम समेत गरिन्छ । हामीले नदी र खोलाको पानीको उचित सदुपयोग गरी अन्न, फलफुल, सागतरकारी उत्पादन, ठूलो मात्रामा बिजुली उत्पादन र माछा पालन गर्न सक्नु पर्दछ तब मात्र कृषि उत्पादनमा बृद्धि भइ अजयमेरु गाउँपालिका आत्मनिर्भर बन्न सक्दछ ।

हाम्रा प्राकृतिक सम्पदाहरू मध्ये खनिज पनि एउटा प्रमुख प्राकृतिक सम्पदा हो । जमिनमुनि खानी खोस्रेर निकालीने चिजवस्तुहरू खनिज हुन् । माटो, ढुङ्गा, बालुवा, फलाम, सुन, चाँदी, मट्टीतेल, खनिज पदार्थ हुन् । हाम्रो गाउँपालिका भित्र ढुङ्गा, बालुवा, गिट्टी, कमेरो, माटो, घर छाउने स्लेट (पत्थर ) मुख्य रुपमा रहेका छन् । घर छाउने स्लेटमा वडा न. १ समैजीको महर गाउँको पत्थर खानी, वडा नं. ४ चिपुर घाटी कम्छनाको पत्थर खानी प्रमुख छन् । यस गाउँपालिकाको साग तरकारी , वनको काठपात , जडीबुटी , स्लेट र माछा उत्पादन गरी बाहिर निर्यात गर्न सके यहाँका मानिसको आर्थिक जीवनस्तर माथि उठ्नुका साथै सुखी र सम्बृद्ध अजयमेरु बन्न सहयोग पुग्नेछ ।

शिक्षण निर्देशन :

गाँउपालिका क्षेत्रमा रहेका प्रमुख प्राकृतिक सम्पदाहरूको विवरण संकलन गरी तिनीहरूको परिचय, महत्व, प्रस्तुत गरी छलफल तथा अन्तर्क्रिया गर्ने ।

क्रियाकलाप :

१. प्राकृतिक सम्पदा भन्नाले के बुझिन्छ ?

२. वन सम्पदाबाट हामी के-के पाउँछौ ?

३. प्राकृतिक वातावरण जोगाउन के-के गर्नु पर्ला ?

४. अजयमेरु गाउँपालिकाका मुख्य नदीहरु कुन-कुन हुन ?

५. नदी र खोलाको सदुपयोग गर्न सके के-के फाइदा लिन सक्छौ ?

६. खनिज भन्नाले के बुझिन्छ ? तिनीहरू के-के हुन सक्छन् ?

७. अजयमेरु गाउँपालिकाका मुख्य वनहरू कुन-कुन हुन ?

८. खाली ठाउँ भर :

(क) अजयमेरु गाउँपालिकाको प्रमुख पहाड .................................. हो ।

(ख) कसैले नबनाइकन आफै बनेर आएका चीजवस्तु ......................... हुन् ।

(ग) नदीबाट सिचाई गर्न र ............................. निकाल्न सकिन्छ ।

(घ) नदीमा ............................. मार्ने काम पनि हुन्छ ।

९. ठीक भए ☑ र बेठीक भए ☒ चिन्ह लगाऊ ।

(क) वन, खनिज, पहाड पर्वत र नदी प्राकृतिक सम्पदा हुन् ।

(ख) स्वच्छ वातावरण राख्न रुख बिरुवा काट्नु पर्छ ।

(ग) प्राकृति सम्पदाको सदुपयोग गर्न सके आर्थिक उन्नती हुन्छ ।

(घ) स्लेट (पत्थर) घर छाउने चिजवस्तु होइन ।

१०. जोडा मिलाऊ ।

| क | ख |
|---|---|
| मट्टीतेल | नदी |
| जडीबुटी | खनिज |
| ह्रास | वृक्षारोपण |
| बालुवा | वनजङ्गल |
| नाङ्गाडाँडा | नाश (हटाउनु) |

# पाठ - २

## हाम्रा उर्जाका स्रोतहरू

उर्जा भन्नाले एक किसिमको शक्ति हो । बिजुलीबत्ती, सौर्यशक्ति, मट्टीतेल, गोबरग्याँस, आगो उर्जा (शक्ति) हुन । आज विश्व जगतमा उर्जाबाट नै ठूला-ठूला मेसिन चलाउने, गाडी मोटरहरु चलाउने बिजुलीबत्तीले गाउँघर उज्यालो पार्ने, खाना पकाउने जस्ता कामहरु हुँदै आएका छन । उर्जाले गर्दा नै मानिसले एकदिन लगाएर गर्ने काम एक घण्टामा नै सकिने भएको छ । उर्जाले मानवजीवनलाई सरल र सुलभ बनाई दिएको छ । उर्जाका स्रोतहरूमा नदीको पानी, सौर्यशक्ति, गोबर, सडेर गलेर जाने जैविक चिजवस्तुहरू, मट्टीतेल र दाउरा हुन ।



हाम्रो अजयमेरु गाउँपालिका भित्र रहेका नदीहरूमा ठूला-ठूला बाँध बाँधी बिजुली उत्पादन गरी गाउँघर उज्यालो पार्न सक्छौ । यहाँ प्रशस्त पशुपालन छ । तापक्रम बढी भएका गाउँबस्तीहरुमा गोबर ग्यासँ उत्पादन गर्न सकिन्छ । यसबाट सामान्यतया बिजुली बत्तीको सुविधाका साथै खाना पकाउन मदत पुग्छ र इन्धनको बचत हुन्छ । त्यसैगरी सडेर गलेर जाने साग तरकारीका पातपतिङ्गर, फलफूलका, बोक्रा र अन्य सडेर गलेर जाने फोहोर चिज वस्तुहरुलाई सङ्कलन गरी उर्जा निकाल्न सकिन्छ । यसो गर्दा एकतिर फोहोर मैलाको व्यवस्थापन हुन्छ भने अर्कोतिर त्यसको उर्जाबाट सुविधा पाउँछौ ।

उर्जाको अर्को स्रोत वायु पनि हो । आजभोलि वायुबाट पनि बिजुली उत्पादन गरी बत्तीबाल्न सफल भएका छन् । पानी घट्ट जस्तै वायुबाट पनि घट्ट चलाउन सकिन्छ । स्थानीय स्तरमा भएका नदीहरू, जैविक पदार्थहरू, वायु र गोबरको उचित सदुपयोग गरी उर्जा उत्पादन गर्न सक्यौ भने ऊर्जा सबैलाई सर्वसुलभ हुन जान्छ । स्थानीय जनतामा अपनत्वको भावना जागरण भई स्रोतहरुको पहिचान र उचित परिरचालनबाट लाभ लिने बानीको विकास हुन्छ । साथै स्थानीय स्तर आत्मनिर्भर, स्वाबलम्वी र स्वाभिमानी हुन्छ ।

शिक्षण निर्देशन :

स्थानीय क्षेत्रमा भएका उर्जाका स्रोत पहिचान , महत्व र संरक्षणका लागि गरिएका प्रयासहरू बारेमा चर्चा गर्नुहोस् ।

क्रियाकलाप :

१. उर्जा भन्नाले के बुझिन्छ ? ती के-के हुन ?

२. उर्जाले मानवजीवनलाई कस्तो बनाएको छ ?

३. अजयमेरु गाउँपालिका भित्र उर्जाका कुन-कुन स्रोतहरू छन् ?

४. स्थानी स्रोतहरूको पहिचान र परिचालन गर्न सके के हुन्छ ?

५. ठीक भए ☑ र बेठकि भए ☒ चिन्ह लगाऊ ।

(क) उर्जा ठूलो शक्ति हो ।

(ख) उर्जाबाट ठूला-ठूला मेसिनहरू चलाउन सकिदैन ।

(ग) आगो उर्जा होइन ।

(घ) उर्जाले मानव जीवनलाई सरल र सुलभ बनाई दिएको छ ।

६. जोडा मिलाऊ :

| क | ख |
|---|---|
| सौर्य शक्ति | हावा |
| सडेर गलेर जाने | गोबर ग्याँस |
| वायु | जैविक |
| गाईभैँसी | ऊर्जा |

# एकाइ - ७

# स्वास्थ्य र सरसफाइ

# पाठ - १

## पोषिलो खाना र खाद्य पदार्थ



हाम्रो दैनिक खानेकुरामा पोषिलो खानेकुरा मिसाएको हुनुपर्छ । विहान र बेलुकीको खानेकुरामा दूध, दही, माछामासु फलफुल, गेडागुडी, हरियो सागपात आदि मिलाएर खानु पर्छ । हाम्रो शरीरमा खाद्य तत्वले विभिन्न काम गर्छन । शक्ति दिने खाना, शरीर वृद्धि गर्ने खाना र शरीरको रक्षा गर्ने खानालाई पोषिलो खानेकुरा भनिन्छ । धान, गहूँ, मकै, कोदो, जस्ता खाद्य पदार्थहरू पनि सन्तुलित र नियमित रुपमा खाने गर्नाले पोषक तत्व प्राप्त हुन्छ । खाद्य पादार्थको उपयोग गर्दा निम्न तरिका अपनाउनु पर्छ :




-हरियो सागपातलाई मसिनो गरी नकाट्ने ।
-हरियो सागपात लेदो पारेर नपकाउने ।
-तरकारीका बोक्रा बाक्लो गरी नताछ्ने ।
-चामलको पिठो मिलको भन्दा ढिकी जातोमा पिसेर खाने ।

यसरी माथि भनिएका पोषिला खानेकुराको कमी भएमा मानिस कुपोषित हुन्छन् । सुकेनास, फुकेनास तथा रुन्चे जस्ता रोगहरू लाग्न सक्छन् । सुकेनास रोग लागेमा बच्चा दुब्लाउदै जाने हुन्छ । यस्तो रोग लागेमा बच्चालाई नियमित रुपमा पोषणयुक्त खानेकुरा खुवाउनु पर्छ । गर्भवती महिलाले प्रशस्त मात्रामा पोषिलो

खानेकुरा खानु पर्छ । समय समयमा बिभिन्न खोपहरू लगाउनु पर्छ । जसबाट बच्चा कुपोषित हुनबाट जोगिन्छ ।

शिक्षण निर्देशन :

गाउँघरमा उपलब्ध हुने खानेकुराहरूको बारेमा विद्यार्थीहरू संग छलफल गरी भन्न लगाउनुहोस् । पोषक तत्व जोगाउने उपायहरूको सूची तयार पार्न लगाउनुहोस् र कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

क्रियाकलाप :

१. तिम्रो घरमा भएका खानेकुराहरूको सूची बनाइ कक्षामा प्रदर्शन गर ।

२. तिमीले हप्ता भरि के-के खान्छौ ? त्यसको सूचि तयार पारी कक्षामा सुनाऊ ।

३. ठिक भएर ☑ बेठिक भए ☒ चिन्ह लगाऊ ।

(क) हामीले सधै पोषिलो खानेकुरा खानुपर्छ ।

(ख) पोषिलो खानेकुरा खाएमा कुपोषण हुन्छ ।

(ग) गर्भवती आमाले पोषिलो खानेकुरा खानु हुदैन ।

(घ) तरकारीको बोक्रा पातलो गरी ताछ्नु पर्छ ।

३. तलका प्रश्नको उत्तर लेख :

(क) पोषणयुक्त खानाका ५ ओटा नाम लेख ।

(ख) कुपोषण भएमा कुन-कुन रोग लाग्न सक्छन् ?

(ग) कुपोषण बाट बच्न के गर्नु पर्छ ?

(घ) खाद्य तत्व जोगाउने कुनै ४ ओटा उपाय लेख ।

# पाठ - २

## स्वच्छ वातावरण



हामीले आफ्नो वरपरको वातावरण सफा र स्वच्छ राख्नु पर्छ । प्रयोग गरेका वस्तुहरू जथाभावि फाल्ने गर्नाले वरपरको वातावरण दूषित हुन्छ । भान्साबाट निस्किएको कसिङ्गर, धुलो, सागपातका टुक्रा निश्चित ठाउँमा व्यवस्थापन नगरेमा वातावरण फोहोर हुन्छ । गाईवस्तुहरूबाट निस्कने फोहोरलाई खाल्डोमा व्यवस्थापन गर्नु पर्दछ । वातावरण दूषित पार्ने यस्ता तत्वहरू कागजका टुक्रा, धातुका टुक्राहरू, प्लष्टिकका बोत्तल, काँचका झोलाहरू, काठका टुक्राहरू हुन् । यी तत्वहरूको व्यवस्थापन गर्न कुहिने र नकुहिने गरी अलग अलग खाल्डोमा व्यवस्थापन गर्नु पर्छ । कुहिने बस्तुबाट कम्पोष्ट मल बनाउनु पर्छ । काँच तथा प्लाष्टिकका बोत्तलहरू पुनः प्रयोगमा ल्याउनु पर्छ । आफू वस्ने कोठा, घर, आगन, विद्यालय, धारा, कुवा, पधेरा सधै सफा राख्नुपर्छ । सफा नगरेमा



वातावरण (फोहोर) दुर्गन्धित हुन्छ । फोहोर वातावरणले हाम्रो स्वास्थ्यलाई नराम्रो असर पुऱ्याउँछ । गाईवस्तु छाडा छोडेमा, पानीका मुहान नजिक दिशा पिशाब गरेमा, कुहिने बस्तु जथाभावी फालेमा वातावरण प्रदूषण हुन्छ । वातावरण स्वच्छ राखेमा हामी स्वस्थ र निरोगी हुन्छौ ।

शिक्षण निर्देशन :

हाम्रो वरपरको वातावरण सफा राख्न प्रयोग गारिने तरिकाहरूको बारेमा केन्द्रित रही शिक्षण गर्नुहोस् ।

क्रियाकलाप

१. विद्यालय वरपर भएका फोहोर वस्तुहरू संकलन गरी व्यवस्थापन गर्न लगाउनुहोस् ।

१. ठिक भएए ☑ बेठिक भए ☒ चिन्ह लगाऊ ।

(क) कुहिने वस्तुहरूलाई खाल्डोमा जम्मा गर्नु पर्छ ।

(ख) कुहिने वस्तुहरूमा फलाम पनि पर्छ ।

(ग) फोहर जथाभावि फाल्नु हुदैन ।

२. तलका प्रश्नको उत्तर लेख :

(क) तिम्रो वरपर भएका पाँच ओटा नकुहिने वस्तुहरूको नाम लेख ।

(ख) वातावरण कसरी प्रदूषित हुन्छ ?

(ग) वातावरण सफा राख्ने ३ वटा उपाय लेख ।

(घ) फोहोर वातावरणले हाम्रो शरीरलाई कस्तो असर पार्छ ? लेख ।

# एकाइ - ८

# जोखिम तथा विपद व्यवस्थापन

# पाठ - १

## आगलागी



हाम्रो दैनिक जीवनमा विभिन्न किसिमका जोखिमहरू आउन सक्छन् । जोखिम भन्नाले जीवनमा अचानक आइपर्ने खतरा हो । जोखिमले मानिसको ज्यान जान सक्ने सम्भावना हुन्छ । आगलागी, बाढीपहिरो, हावाहुरीको भुमरी, चट्याङ् पर्नु, भीरमा लड्नु, रुखबाट लड्नु ,विद्युतीय करेन्ट र भुकम्पको धक्कामा पर्नु जस्ता कुराहरू जोखिम हुन । यिनले मानव जीवनमा विपद ल्याउँछ ।

यी विभिन्न जोखिमहरू मध्ये आगलागी पनि एउटा जोखिम हो । आजभोलि गाउँघरतिर होस या सहर बजारतिर होस आगलागीका घटनाहरू दिन प्रति दिन बढ्दै गइरहेका छन् । सहरका बाक्ला घर तथा पसलहरूमा र गाउँमा खरले छाएका घर तथा छाप्राहरूमा आगलागी भएर धनजनको क्षति भएका समाचारहरू रेडियोबाट सुनिरहेका हुन्छौं । गाउँबस्ती र सहरका घरहरुमा मात्र नभएर वनजङ्गलमा समेत डढेलो लाग्छ । वनजङ्गलमा डढेलो लाग्दा स-साना बोटबिरुवाहरू जलेर सुक्ने र ठूला रुखहरूमा समेत प्रतिकूल असर पर्न जान्छ । जङगली जनावरहरु र



गाईवस्तुहरूको चरीचरन नष्ट भइ संकटमा पर्छन । हाम्रो वरपरको वातावरण समेत प्रदूषित भई मानव जीवनमा नराम्रो असर पर्छ । आगलागी खास गरेर

हावाहुरी चल्ने समय चैत - बैशाखदेखि जेठ महिनासम्म बढीमात्रामा हुन्छ । यस समयमा गर्मी भई जमिन र चिजवस्तुहरू सुख्खा हुने भएकाले आगोको सानो झिल्काले पनि आगलागी हुने सम्भावना हुन्छ ।

आगलागि हुनुका कारणहरूमा घरमा वा कार्यालयमा बिजुलीको तार सट हुनु, साना केटाकेटीहरूको हातमा सलाई-लाइटर जस्ता चिजहरू पर्नु, बिडी चुरोटका ठुटाहरू जथाभावी फाल्नु, बाहिर वा भित्र बालेको आगो नभिभाउनु, दशैं तिहार जस्ता चाडपर्वहरुमा पटाका पट्काउनु, मट्टीतेल, डिजेल, पेट्रोल जस्ता प्रज्वलनशील चिजवस्तुहरू सुरक्षित नराख्नाले आगलागी हुन जान्छ ।

यसबाट बच्न सुरक्षित तरिकाले घरमा बिजुली जडान गर्नु , सलाई-लाइटर केटाकेटीले नभेटाउने ठाउँमा राख्नु, चुलो तथा अगेनामा बालेको आगो खाना पकाइ सकेपछि राम्ररी निभाउनु , दशैं तिहार जस्ता चाडपर्वहरूमा पटाका पट्काउने काममा निगरानी तथा नियन्त्रण गर्नु, अति प्रज्वलनशील चिजवस्तुहरू सुरक्षित ठाउँमा राख्ने गर्नाले आगलागी कम हुने सम्भावनाका साथै आगलागीबाट हुने क्षतिबाट बाँच्न सकिन्छ । हाम्रा स्थानीय निकायहरूमा भएका वारुण यन्त्रहरू ( दाकल) लाई चौवीसै घण्टा तयारी अवस्थामा राखिनु पर्छ । यसका साथै आगलागी हुनबाट सचेत र सहज गराउन हाम्रा सञ्चार माध्यमहरूबाट समय समयमा सूचना तथा जनचेतना जगाउने काम समेत गरिनु पर्छ ।

शिक्षण निर्देशन :

विभिन्न विपद्/जोखिमहरूका चित्र प्रदर्शन गरी छलफल गर्न लगाउने ।

क्रियाकलाप :

१. पाठको चित्रमा के-के  भइरहेको छ ? हेर, चिन र भन ।

२. जोखिम भन्नाले के बुझिन्छ ?

३. हाम्रो जीवनमा आइपर्ने जोखिमहरूको सूची बनाऊ ।

४. आगलागी हुन सक्ने कुनै चारओटा कारणहरू लेख  ।

५. आगलागीबाट बच्न तिम्रो साथीलाई क- के सुझाव दिन सक्छौ ?

६. तिम्रो छिमेकीको घरमा आगलागी भयो भने तिमी के-के सहयोग गर्न सक्छौ ?

७. वनजङ्गलमा आगलागी हुँदा कस्तो किसिमको नोक्सानी भएको देखिन्छ ?

८. मिल्दो शब्द छानी खाली ठाउँ भर :

(क) जोखिमले मानव जीवनमा ............ लयाउँछ । (सुख,विपद)

(ख) आगलागी हुँदा वरपरको वातावरण .............. हुन्छ । (शुद्ध, प्रदुषित)

(ग) हावाहुरी बढी मात्रामा ............ महिनामा चल्छ । (कात्तिक देखि मंसिर,  चैत देखि जेठ)

(घ) प्रज्वलनशील वस्तु................. हो । (खानेतेल, मट्टीतेल)

९. जोडा मिलाऊ :

| क | ख |
|---|---|
| रेडियो | आगो निभाउने |
| बारुणयन्त्र | भुमरी |
| प्रदूषित | झिल्का |

हावाहुरी समाचार

आगो वातावरण

१०. तलको चित्रमा मिल्ने रङ्ग भर ।

